आज मिति २०८३ साल जेठ ११ गते सोमबारका दिन दिनको २.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा छपन्नौं बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री संजय कोजू | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

५६औ कार्यपालिका बैठकको बैठकका विषयवस्तुहरु

१.५५औ कार्यपालिका बैठकको निर्णय समिक्षा,

२.नगरसभाको मिति तोक्ने सम्बन्धमा,

३.आय ठेक्का अनुमोदन सम्बंधमा,

४.विविध

क. टुडिखेल मनोरञ्जन पार्क ठेक्का रद्द सम्बन्धमा,

ख. नगर प्रहरीको पोशाक सम्बन्धमा,

ग. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा,

घ. कृषि उत्पादन बिक्री स्थल निर्माण सम्बन्धमा,

ङ. खानेपानी शुद्धीकरण प्लान्टको ढुवानी खर्च लगायत अन्य खर्च अनुमोदन सम्बन्धमा,

च. वडा नम्बर ५ र १० मा रहेका पुराना काठ तथा फलामजन्य सामग्री लिलामी सम्बन्धमा

छ. आर्थिक सहायता सम्बन्धमा ।

ज. भुक्तानी सम्बन्धमा ।

५६औ कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५५औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

२. देहायका प्रस्तावहरु पेश गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ बमोजिम धुलिखेल नगरपालिकाको उन्नाइसौं नगरसभाको बैठक मिति २०८३/०३/१० गते बिहान ११.०० बजे नगरसभा हलमा बस्ने गरी आह्वान गर्ने निर्णय गरियो ।

क. आर्थिक बर्ष २०८३.०८४ को नीति, योजना तथा बजेट पेश गर्न,

ख. बिनियोजन विधेयक २०८३ पेश गर्न,

ग. आर्थिक विधेयक २०८३ पेश गर्न,

घ. २०८२ श्रावण देखि २०८३ जेठ मसान्त सम्म कार्यपालिका, न्यायिक समिति, विषयगत समिति, योजना फरफारक सिमिति, पदपूर्ति सिमिति लगायतले गरेका निर्णय अनुमोदन गर्न,

ङ. आर्थिक बर्ष २०८२/२०८३ मा भएको चालु तथा पुँजीगत खर्च अनुमोदन गर्न,

च. विविध,

३. स्थानीय सरकार संचालन ऐन २०७४, धुलिखेल नगरपालिकाको आर्थिक ऐन २०८२ बमोजिम ठेक्का आव्हान भै सम्झौता भएका देहायका ठेक्का अनुमोदन गर्ने निर्णय गरियो ।

| सि न. | ठेक्का विवरण | न्यनुतम अंक | कवोल अंक (मूअक वाहेक) | ठेक्का सम्झौता |
|---|---|---|---|---|
| १ | कवाडी कर | ६००००० | ६५०००० | २०८२.१०.१५ |
| २ | बिज्ञापन कर | ७००००० | ७१५००० | २०८३.२.४ |

४. विविध

क. धुलिखेल नगरपालिका र एभोकाडो हस्पित्यालिटी एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि. बीच मिति २०८१ देखि २०९१ सम्म १० बर्षका लागि टुडिखेल पार्क संचालन सम्वन्धि सम्झौता भयकोमा कम्पनीले आफ्नो आन्तरिक कारण देखाई सम्झौता रद्दका लागि मिति २०८३।०१।३० मा निबेदन दिएको हुदाँ मिति २०८३।०२।०१ देखि लागु हुनेगरी सम्झौता रद्द गर्ने र एभोकाडो हस्पित्यालिटी एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि. ले नगरपालिकालाई बुझाउन पर्ने सम्झौता बमोजिमको सबै रकम बुझाउन निर्देशन दिने ।साथै एभोकाडो हस्पिटालिटी एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.ले माग गरे बमोजिम पार्क भित्र निर्माण गरेका संरचनाको दायित्व र जिम्मवारी नगरपालिकाले नलिने जानकारी गराउने निर्णय गरियो ।

ख. धुलिखेल नगरपालिकाका नगरप्रहरीले प्रयोग गरिरेहको पोशाकको रङ (कालो) अन्य पालिकाहरुको नगर प्रहरीको पोशाकसंग समेत तालमेल हुनेगरी परिवर्तन गर्न आवश्यक देखिएको हुनाले सो सम्वन्धमा अध्ययन गरी ७ दिन भित्र सुझाव दिन धुलिखेल नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष श्री गणेश आचार्यको संयोजकत्वमा प्रशासन शाखा प्रमुख गायत्री रमण घिमिरे र जिन्सी शाखा प्रमुख राजेन्द्र बजगाईं रहेको एक समिति गठन गर्ने निर्णय गरियो ।

ग. नगर शिक्षा समितिको मिति २०८३.२.११ गते विहान बसेको वैठकले गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

घ. स्थानीय किसानद्वारा उत्पादन भएको कृषि उपजको राजमार्ग आसपासका क्षेत्रबाट सहज बिक्री वितरणको व्यबस्था मिलाउन ग्रामिण विकासका लागि किसान परियोजनाले रु २ लाख उपलब्ध गराउने प्रतिबद्धता जनाएको हुँदा धुलिखेल नगरपालिका वडा नम्बर १० का किसानको स्थानीय उत्पादन बिक्रीलाई सहजीकरण गर्न वडा नम्बर १० बतासे डाँडामा सार्वजनिक शौचालय सहितको कृषि उत्पादन बिक्री केन्द्र निर्माणका लागि नगरपालिकाको तर्फबाट अन्य संघसंस्थासंग साझेदारी (पूँजीगत) शीर्षकबाट रु. ३४००००.० विनियोजन गर्ने निर्णय गरियो ।

ङ. नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान खुमलटार ललितपुरको सहकार्यमा चीनको SNSO-CR-KP-2020-05 परियोजनाले धुलिखेल नगरपालिका वडा नं २ को खानेपानी प्रशोधनका लागि उपलब्ध गराएको उपकरणहरु नेपाल चीनको सीमा नाका केरुङ देखि धुलिखेल नगरपालिका वडा नं २ सम्म ढुवानी तथा उपकरण अनलोड खर्च सम्झौता बमोजिम नगरपालिकाले व्यहोर्नु पर्ने हुदाँ सो कार्यका लागि मेशिनरी औजार भाडा र सार्वजनिक सेवा उपयोगिता (न.पा.चालुखर्च) शीर्षकबाट बढीमा रु ५ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

च. धुलिखेल नगरपालिका वडा नं १० मा रहेको साबिक गाउँ बिकास समितिको भवन र हुमागाई पाटीको पुराना काठ, चौकोस, फलाम लगायत अन्य सामान तथा वडा नम्बर ५ को पुलको पुरानो फलामहरुको लिलाम बिक्रीका लागि सम्बन्धित वडाबाट अनुरोध भएकोले माथि उल्लिखित सामानहरु जिन्सी खातामा दाखिला नभएको हुनाले सम्बन्धित वडा हेर्ने प्राविधिकले लिलाम बिक्री गर्नु पर्ने सामानको मुल्यांकन गरी प्राविधिकको मुल्यांकनको आधारमा लिलाम बढाबढ गरी बिक्रि गर्न सम्बन्धित वडालाई जिम्मेवारी दिने निर्णय गरियो ।

छ. घरको आर्थिक अवस्था कमजोर भएको कारण औषधी उपचार/काजक्रियामा कठिनाई भएकोले आर्थिक सहायता दिन वडा कार्यालयबाट सिफारिस आएकोले देहायका व्यक्तिलाई देहाय बमोजिम औषधि उपचार सहायता रकम दिने निर्णय गरियो,

| सि. नं | निवेदक/विरामीको नाम | कारण | सहयोग रकम रु |
|---|---|---|---|
| २ | सुमित्रा कार्की, धुलिखेल न.पा. ५ | काजक्रिया (निवेदकको छोरा मृतक राजकुमार कार्की) | ५०००।- |
| ३ | निवेदकः मोति बहादुर तामाङ, वडा नं १<br>विरामीः सानु प्रेममाया तामाङ, वडा नं १ | मानसिक रोग लागि औषधी उपचार गर्न समस्या | ३००००।- |

ज. काभ्रेभञ्ज्याङ स्वास्थ्यचौकी (वडा नं ९) को लागि प्राप्त एम्बुलेन्स (नयां) को पार्टेशन, जिपिएस जडान, खोल फिटिङ, क्यामारा लगायत नयाँ अन्य सेटअप कार्य समेतका लागि भएको खर्च रु १९९०००।– (एक लाख उनान्सय हजार) मात्र उक्त स्वास्थ्य चौकीको नाममा संस्थागत अनुदान नयाँ चालुखर्च अन्य सम्पत्तीको संरक्षण तथा सम्भार खर्चबाट निकासा दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।